# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, भदौ ७ गते २०५३ साल ( अतिरिक्ताङ्क ३० (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जनवादी गणतन्त्र चीनको मैत्रीपूर्ण भ्रमणमा सवारी होइबक्सनु अघि देशवासीका नाममा २०५३ भदौ ७ गते बक्सेको सन्देश,

प्यारा देशवासीहरू,

आज हामी छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति श्री च्याङ चमीनको निमन्त्रणामा केही दिनको मैत्रीपूर्ण भ्रमणका लागि प्रस्थान गर्दैछौं ।

छिमेकी मुलुकहरूसित शान्ति, मैत्री तथा सहयोगको सुमधुर सम्बन्ध विकसित गर्ने हाम्रो नीतिअनुरूप यो भ्रमण हुन लागेको हो । सार्वभौमिक समानता तथा पारस्परिक समझदारी र विश्वासमा आधारित मित्रराष्ट्र चीनसँगको नेपालको सम्बन्ध दिगो रहिआएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यका लागि हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । आशा छ, आफ्नो कर्तव्यप्रति सजग रही समस्त देशवासीहरूले नेपाल र नेपालीको हितका लागि सदा झैं आ-आफ्नो क्षेत्रबाट सहयोग गरी नै रहनेछन् ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार,

३८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।